हाम्रो भोटखोला राम्रो भोटखोला

# भोटखोला गाउँपालिका

## हटिया, संखुवासभा

### बार्षिक नीति तथा कार्यक्रम- आ.व. २०८१/२०८२

दशौं गाँउसभा

२०८१/०३/१०

प्रस्तोता:-
सहना लामा
उपाध्यक्ष

- १०औं गाँउसभा अध्यक्ष तथा यस भोटखोला गाँउपालिकाको अध्यक्ष ज्यु,
- १०औं गाँउसभा सदस्य सचिव तथा प्रमुख प्रशासकिय अधिकृत ज्यु,
- सम्पुर्ण गाँउसभा सदस्य ज्युहरु
- विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्युहरु
- गाँउपालिकाको विभिन्न विषयगत शाखाको प्रमुख तथा सम्पुर्ण कर्मचारीहरु
- गाँउपालिका भित्र रहेका विभिन्न कार्यालय प्रमुख, सुरक्षा निकायको प्रमुख, प्र.अ. लगाएत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्युहरु, विभिन्न सामाजिक संघसंस्थाको प्रमुख तथा प्रतिनिधि ज्युहरु, आमा समुहका अध्यक्ष ज्यु लगाएत अन्य मान्यजन व्यक्तित्वहरु

भोटखोला गाँउपालिकाको गरिमामय १० औं गाँउसभालाई सम्बोधन गर्दै आ.व. २०८१/२०८२ बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित भएको छु । लोकतान्त्रिक गणतन्त्र नेपाल प्राप्तीको संघर्षमा सहादत्त प्राप्त गर्नुहुने सहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु । राष्ट्रियता, स्वधिनता, लोकतन्त्र प्राप्ती र रक्षाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पुर्ण व्यक्तित्वहरुलाई उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु ।

संयुक्त राष्ट्र संघको तत्वधानमा नेपाल सरकारले दिगोविकासको लक्ष्य प्राप्तीको निम्ती नेपाल सरकार तथा कोशी प्रदेश सरकारले अवलम्वन गरेको आ.व. २०८१/२०८२ नीति तथा कार्यक्रमको भावना र मर्मलाई आधार वनाई भोटखोला गाँउपालिकाले **हाम्रो भोटखोला राम्रो भोटखोला** परिकल्पनालाई साकार पार्न २५ वर्षे दिर्घकालीनं लक्ष्य **कृषि, पर्यटन, उर्जा र रोजगारः समृद्ध भोटखोला निर्माणको आधार** निर्धारण गरी भोटखोला गाँउपालिकाको ५ वर्षे **आवधिक विकास योजना २०८१/२०८२–२०८५/२०८६** तयार गरिएकोछ । सो आवधिक विकास योजनालाई साकार वनाउन निम्न मार्गदर्शनहरु हाम्रा जनप्रतिनिधिहरु जनता सँग यो संकल्प गर्दछ ।

- जनप्रतिनिधीहरु साशक होईन जनताको सेवक हुने छन् ।
- जनप्रतिनिधीहरु सामाजिक जागरण र विकासका अभियान्ता हुनेछन् ।
- हाम्रो नेतृत्वमा रेहका वडाहरु सुशासनका नमुना बन्ने छन् ।
- जनप्रतिनिधीहरुले सदाचारमा दृष्टान्त स्थापित गर्ने छन् ।
- जनप्रतिनिधीहरुले आफुले कुनै भ्रष्टाचार **गर्ने छैनौं र अरुलाई पनि भ्रष्ट्रचार गर्नमा निरुत्साहित गरिनेछ ।**
- जनप्रतिनिधीहरुले भ्रष्टचारी , व्यभिचारी अनियमितता र सार्वजनिक सम्पतिकौ दोहन गर्नेहरुलाई कानुनी कार्बाहिको दायरमा पूर्याउन अग्रणी भुमिका खेल्नेछ ।

आवधिक विकास योजनालाई मध्यकालिन खर्च संरचना र बार्षिक योजनामा परिणत गरी संघीय सरकार र कोशी प्रदेश सरकारको नीति तथा कार्यक्रमसँग समन्वयात्मक तथा सृजनात्मक तवरबाट संयोजन गरी गाँउपालिकामा गरिने विभिन्न कृयाकलापलाई लक्ष्य, उद्धेश्य प्राप्त गरी रणनितिक रुपमा कार्यान्वयन गर्नको निम्ति भोटखोला गाँउपालिकाले यो १० औं गाँउसभा जस्तो गरिमामय सभामा आ.व. २०८१/२०८२ को नीतिं तथा कार्यक्रम पेश गरिएको छु ।



वाङछेदर लामा
गा.पा. अध्यक्ष

सहना लामा
उपाध्यक्ष

**सभाध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्यूहरु,**

संखुवासभा जिल्लाको उत्तरपूर्वी भुभागमा अवस्थित ६३९.१ वर्ग कि.मि. क्षेत्रफल भएको भोटखोला गाउँपालिकाको भाग्य र भविष्य निर्माण गर्ने चरणमा हामी जनप्रतिनिधीहरु सामु थुप्रै अवसर र साथसाथै चुनौतिहरु पनि विधमान छन् । स्थानीय सरकारको रुपमा रहेको स्थानिय तहको पूर्ण कार्यन्वयनका लागि ३ तहका राज्य लागिरहेको वर्तमान अवस्थामा यो एक नितान्त नयाँ प्रणाली र प्रकृया भएकोले समन्वय र केही अन्योलता र दुविधाका बावजुत नेपालको संविधान, ऐन कानुन, मन्त्रालयहरुबाट प्राप्त परिपत्र तथा दिग्दर्शन आदीका आधारमा विभिन्न विषयगत बजेट सिलिङको आधारमा ५ वटै वडामा सहभागितामुलक विधिबाट तयार गरिएका योजनाको प्राथमिकिकरण र कार्यक्रम छनौट गरि नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं ।

**आदरणीय सभादस्य ज्युहरु,**

अब म आगामी आ.व.२०८१/२०८२ का लागि तयार गरिएको नीति तथा कार्यक्रमको योजना तर्जुमा गर्दा लिएका मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आर्थिक वर्ष २०८१/२०८२ को गाउँपालिकाको बार्षिक वजेट योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरु, आवधिक योजनाका निम्ति रणनीति र प्राथमिकताहरु, स्थानिय सरकार सञ्चालन ऐन २०७४, दिगोविकासको लक्ष्य (२०१५-२०३०) र भोटखोला गाँउपालिकामा बनेका विभिन्न ऐन, नियम, कार्यविधि र संघिय मामिला तथा सामान्य प्रशासन अर्थ मन्त्रालय लगायत विभिन्न मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा यस भोटखोला गाउँपालिकाको ५ वर्षे आवधिक विकास योजनाको वस्तुगत आवश्यत्तालाई मुख्य आधार बनाइएको छ ।

**भोटखोला गाउँपालिकाको आ.व. २०८१/२०८२ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः**

१. नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानिय तहको एकल तथा साझा अधिकारको सूचि
२. नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु
३. नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजीक प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
४. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्य विस्तृत विवरण प्रतिवेदन
५. संघीय सरकारले अङ्गीकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
६. संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु
७. कोशी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट योजनाको प्राथमिकता
८. कोशी प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिरु
९. स्थानिय तहको प्राथमिकीकरण योजनाले तय गरेका प्राथमिकताहरु
१०. नेपालको अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु
११. स्थानिय शासन सञ्चालन ऐन र नियमावलीका प्रावधानहरु

**शिक्षा तथा युवा खेलकुद विकास**

भोटखोला गाँउपालिकाको शैक्षिक उन्नती र विकासको निम्ति निम्न अनुसार नीति अवलम्वन गरेको छ

- बालकक्षा पुर्वको २ वर्ष देखि ४ वर्ष विचका नानीहरुको पालन पोषणमा विषेश ध्यान दिनुको लागि चाइल्ड केयर सेन्टर स्थापना गर्न र संचालनमा विभिन्न सामाजिक संघसंस्थाहरुसँग समन्वय र पहल गरिनेछ ।
- दिवाखाजालाई पोषणयुक्त वनाउन पञ्च अन्नबाट (भुटेको मकै, भुटेको गहु, भुटेको कोदो, भुटेको भटमास र भुटेको उवा) उत्पादित (पाक्चम) सातु हप्तामा ४ दिन अनिवार्य खुवाउने व्यवस्था गर्न हिमाली क्षेत्रको रैथाने बाली संरक्षण, प्रर्वद्धन र बजारीकरण परियोजनालाई बजेटको व्यवस्था गरिएको छु ।
- २ वटा माध्यमिक विद्यालयलाई आवशिय माध्यमिक संचालनको लागि आवश्यक भौतिक पूर्वधार र व्यवस्थापनको तयारी गर्न कोशी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयसँग समन्वय गरी आ.व. २०८२/२०८३ देखि संचालनमा ल्याउने प्रयत्न गरिनेछ भने यही आ.व.मा श्री कृष्ण माध्यमिक विद्यालयमा आवशिय विद्यालय संचालनको लागी कोशी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट आर्थिक तथा प्राविधिक सहयोग सहित अध्ययन गर्ने व्यवस्था मिलाएको छ ।
- शिक्षकको क्षमता अभिवृद्धिको लागि पाठ्यक्रममा आधारित विभिन्न तालिम गोष्ठी संचालन गरिनेछ
- विद्यार्थीहरुलाई पाउनु पर्ने विभिन्न स्वास्थ्य सँग सम्वन्धीत खोप तथा औषधी स्वास्थ्य शाखा सँग समन्वय गरी प्रदान गरिनेछ ।
- आधारभूत तहको विद्यार्थीहरुलाई अतिरिक्त ज्ञान र सीप विकासमा सामेल गराउन अन्तर विद्यालय साहित्य, सांस्कृतिक, हाजिरीजवाफ, जास्ता कृयाकलाप संचालन गर्न बजेटको व्यवस्था गरिनेछ ।
- आ.व. २०८२/२०८३ शैक्षिक सत्रको लागि शिक्षा शाखाले पाठ्यपुस्तक खरिद गरी समयमा नै शिक्षा शाखाबाट वितरण गरिने व्यवस्था मिलाउने छ ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयनमा क्रमिक रुपमा गरिनेछ ।
- वडा नं. २ का केही विद्यालयमा विद्यार्थी संख्या घट्दै गईरहेकोले त्यहा अध्यापन गरिने शिक्षकलाई विद्यार्थी संख्या भएको विद्यालयमा काजमा खटाईने व्यवस्था गरिनेछ ।
- भोटखोला गाँउपालिका स्तरिय खेलकुद विकास समिति गठन गरिने छ र सो खेलकुद विकास समितिले भोटखोलाको सम्पुर्ण खेलसँग सम्वन्धीत कार्यक्रमहरु समन्वय, सहजीकरण, प्रशिक्षण तथा खेलकुदसँग सम्वन्धित भौतिक पूर्वधार विकासमा उच्चत्तम भूमिका निर्वाह गर्न नीति तथा कानुन निर्माण गरी बजेटको व्यवस्था गरिनेछ ।
- पालिका स्तरिय सुविधासम्पन्न खेलमैदानको विकास गर्न हटिया गाँउमा केन्द्रविन्दु वनाएर रंगशालाको विस्तृत योजना प्रतिवेदन (डिपिआर) तयार गर्न बजेटको व्यवस्था गरिनेछ र खेलमैदान रंगशालाकाको लागी चाहीने आवश्यक जग्गा स्थानीय युवाक्लव र थाङला किदुक समाजसँग समन्वय गरी व्यवस्था गरिनेछ ।
- वडा नं. १ किमाथांकाको भेमाथांकामा रंगशाला खेलमैदानको डिपिआर गरी सुविधा सम्पन्न खेलमैदान बनाउने नीति लिएकोछ ।



डाङछेदर लामा
गा.पा. अध्यक्ष

छहरा लामा
उपाध्यक्ष

- कोशी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयसंग समन्वय गरेर आर्चरी केन्द्रिय कार्यालय भोटखोला ४ सिपुङमा आर्चरी खेल प्रशिक्षण केन्द्र स्थापना गर्ने बजेटको व्यवस्था गरिनेछ।
- संघीय सरकारले २ वटा माध्यमिक विद्यालयको लेखापालको सेवासुविधाको माग प्रदान गर्दै आईरहेको तलवमानलाई गाँउपालिकाले थप गरी करार सेवाका चौथो तहका कर्मचारीले पाएको (रु. २८,६१०) सेवासुविधा उपलव्ध गराउने व्यवस्था गर्ने र श्री कृष्ण माध्यमिक विद्यालयमा विद्यार्थी संख्या अत्यधिक बृद्धि भई विद्यार्थीहरु विद्यालय आउन १ वा २ घण्टा समय लाग्ने भएकोले हाल सिफारिसमा भारत सरकारले प्रदान गरेको स्कुल वसलाई संचालन गर्न संवारी चालकको सेवा सुविधा करार सेवाका चौथो तहका कर्मचारीले पाएको (रु. २८,६१०)सो सरह बजेटको व्यवस्था गर्नेछ।
- शैक्षिक क्षेत्रमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट भईरहेको लगानीको प्रतिफल प्राप्तीको अवस्थाको अनुगमन मूल्यांकन तथा भईरहेका क्रियाकलापलाई उपलव्धीमूलक बनाउन प्रयत्न गरिनेछ।
- शैक्षिक गुणस्तर सुधार गर्न विभिन्न साझेदार संघसंस्थाहरुका कार्यक्रमलाई प्रभावकारी बनाउन गाँउपालिकाको तर्फबाट आवश्यक समन्वय, सहकार्य, सहजीकरण गरिनेछ।
- आधारभूत तह (कक्ष ८) को परिक्षा सञ्चालन, नियन्त्रण र परिचालन गाउपालिकाबाट गर्ने व्यवस्था मिलाईने छ।

**कृषि तथा पशुपंक्षि विकास**

भोटखोला गाँउपालिका रैथानी बालीको भण्डारण भएको भूगोल हो। यसलाई व्यवस्थित गरेर परिचालन गर्न सकेमा भोटखोला गाँउपालिकालाई अन्य स्थानीय तहभन्दा फरक पहिचान दिन सम्भव छ। यही सम्भावनालाई मध्यनजर गरेर निम्न नीति तथा कार्यक्रमहरु तयार गरिएको छ।

- उच्च हिमाली क्षेत्रमा पाईने रैथाने बाली कृषि तथा पशुपंक्षि संरक्षण, प्रवर्द्धन तथा बजारीकरण रणनीतिक योजनालाई प्रदेश र संघीय सरकार सँग समन्वय गरेर रैथाने पकेट आयोजनामा परिणत गर्न पहल गरिनेछ।
- कृषकलाई अनुदान होइन, कृषकलाई वस्तु उत्पादन गर्ने क्षमता अभिवृद्धि गर्न, प्रविधि मैत्री वनाउन नमुना परियोजनाको रुपमा भोटखोला ३ वडामा विश्व प्रकृति संरक्षण संस्थासँग समन्वय गरेर कार्यक्रम कार्यन्वयनमा ल्याएको छ भने नेपालमा नै पहिलो पटक कोदोको बाला सरलयन्त्रद्धारा टिप्ने परिक्षण पनि हाम्रो भोटखोलामा हुने व्यवस्था गरिएको छ।
- कृषकलाई अनुदान होइन, कृषकले उत्पादन गरेका वस्तुलाई बजारको व्यवस्था गर्न भोटखोला गाँउपालिका र कोशी प्रदेश सरकारको कृषि तथा पशुपंक्षि मन्त्रालयसंग साझेदारी गरी उच्च हिमाली क्षेत्रको रैथाने बाली तथा पशुपंक्षि जन्य वस्तुको प्रर्वद्धन, संरक्षण र बजारीकरण परियोजना ५ वटै वडामा यही आर्थिक वर्षदेखि प्रभावकारी रुपमा कार्यान्वयन गर्न बजेट तथा कार्यविधिको व्यवस्था गरिएकोछ।
- रासायनिक मल खरिद र ढुवानीमा अनुदानको व्यवस्था गरिनेछ भने गाँउपालिका भित्र नै ३ वटा कम्पोष्ट मल उत्पादन केन्द्र स्थापना गरी कृषकहरुलाई ५० प्रतिशत अनुदान छुट गरी मल वितरण गर्ने व्यवस्थ गरिनेछ।
- ५ वटै वडामा टोल विकास संस्था गठन गरी टोल विकास संस्था मातहत कृषक समुह गठन गरिनेछ। कृषक समुहको उद्धेश्य अनुरुप व्यक्तिगत र सामुहिक रुपमा उत्पादन गरेको रैथाने बाली तथा पशुपंक्षी जन्य वस्तुको न्यूनक्तम विक्री मूल्य निर्धारण गरि गाँउपालिकाले तोकिएको संकलन केन्द्रमा सहजरुपमा विक्री वितरण गर्ने व्यवस्था गरिनेछ।



सहना लामा
उपाध्यक्ष

- भोटखोला वडा नं. २ च्याम्ताङमा सुविधासम्पन्न कृषि तथा पशुपंक्षिजन्य वस्तु संकलन र भण्डारण केन्द्र भवनको स्थापना हुनेछ भने क्रमिक रुपमा ५ वटै वडामा विस्तार गरिनेछ।
- थुदाम, रिदाक, किमाथांका गाँउका याक, चौरी कृषकको खर्क व्यवस्थापनको लागी संघीय सरकारसँग समन्वय गरी आवश्यक वजेटको व्यवस्था गरेको छ।
- ५ वटै वडामा रहेको विभिन्न घरपालुवा पशुपंक्षीको वृद्धिविकास, पोषण र महामारी रोगबाट वचाउन विशेष आपतकालीन. व्यवस्था गरी सेवा प्रदान गरिनेछ र आवश्यक कृषि तथा भेटनरी प्राविधिक जनशक्तिको व्यवस्थापन गरिनेछ।
- .

**भौतिक पूर्वधार विकास**

भोटखोला गाँउपालिकाको भौतिक पूर्वधार तर्फ निम्न नीति अवलम्वन गरिनेछ।

- भोटखोला गाँउपालिका भित्र कुनै पनि सरकारी तथा सामालिक संघसंस्थाको भवन निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री, महिलामैत्री र स्तनपान कक्षको व्यवस्था अनिवार्य गरिनेछ।
- गाँउपालिकाको प्रशासकिय भवनलाई पूर्णता दिने र गाँउपालिकाबाट प्रदान गरिने जनसेवाको कामलाई एउटै भवनबाट प्रदान गरिनेछ।
- ५ शैयाको अस्पताल निर्माणको कार्यलाई स्थानीय सरकारको तर्फबाट नियमित अनुगमन गरी समयसिमा भित्र सम्पन्न गर्न ठेकेदारलाई आवश्यक निर्देशन दिइनेछ।
- ५ वटै वडामा रहेका विद्यालय भवन, स्वास्थ्य भवन, वडा कार्यालय, अन्य सामाजिक सार्वजनिक भवनहरुको स्तरवृद्धि प्राथमिकीकरणको आधारमा गर्दै लैजानेछ।
- आवशिय माध्यमिक विद्यालय संचालनको लागि आवश्यक भौतिक पूर्वधार निर्माणको लागि बजेटको व्यवस्था कोशी प्रदेश सरकारसँग समन्वय गरी साझेदारीमा गरिनेछ।
- ५ वटै वडामा रहेको पुलपुलेसाहरुको संरक्षण गर्दै थप पुलहरु निर्माण गर्न वडा कार्यालयसँग समन्वय गरेर भौतिक पूर्वधार विकास मन्त्रालयमा कार्यक्रम पेश गरिनेछ भने यसै वर्ष नयाँ ३ वटा झो. पुल निर्माण शुरुवात गरिनेछ।
- मिसन ग्रासरुट विपन्न जनता आवश कार्यक्रम मार्फत ५ वटै वडामा रहेका विपन्न जनताहरुको फुसको छाना हटाई जस्तापाता सहयोग गर्ने कार्यक्रम निरन्तरता दिइनेछ।
- भोटखोला गाँउपालिका केन्द्र हटियामा २०० जना क्षमताको सभाहल केन्द्रिय सरकार तथा कोशी प्रदेश सरकारको प्रदेश शहरी विकास कार्यालय धनकुटासँग आर्थिक साझेदारीमा यही आर्थिक वर्षमा निर्माण कार्य शुरुवात गरिनेछ।
- बरुणधाममा निर्माणहुने भौतिक पूर्वधार विकासको कार्यलाई कोशी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयसँग साझेदारीमा यही आर्थिक वर्षमा निर्माण कार्य शुरुवात हुनेछ।
- किमाथांका नाकामा आवश्यक चाहिने भौतिक संरचना तथा कार्यालय स्थापना गर्न केन्द्रिय सरकार सँग नियमित छलफल, अन्तरक्रिय गोष्ठी तथा बैठकहरु वस्न तथा छिमेकी मित्रराष्ट्र चीन सरकारको भोटखोला गाँउपालिका सिमानासँग जोडिएका तिङगीसेन जिल्ला र धीडरी जिल्लाको स्थानीय प्रशासनसँग मैत्रीपुर्ण भेटघाट कार्यक्रम, आवश्यक आर्थिक तथा प्राविधिक सहयोगको लागी विज्ञ परामर्श गर्न, नेपाल स्थित चीनको राजदुतवास कार्यालय सँग समन्वय गर्न, बैठक वस्नको लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- किमाथांका नाका सामारिक महत्वको भूगोल भएकोले प्राचिन कालमा मित्रराष्ट्र चीनको स्वशासित तिब्वत सरकारको राजा श्रङचोङ गम्पोले नेपालको छोरी भृकुटी तारालाई यही नाका हुदै तिव्वत तर्फ विवाह गरी लगेको किम्वदन्ती अनुसार उहाँहरुको सम्झनामा किमाथांका गाउको पिसि ल्हा मा भृकुटीतारा पार्क निर्माणको डिपिआर गर्ने।



सहना लामा

•

**संचार तथा इन्टरनेट सुविधा**

भोटखोला गाँउपालिका भौगोलिक बनावटको कारणले संचार र इन्टरनेटको सुविधा विस्तार गर्न कठिन रहेकोछ । यस बावजुद पनि जनताहरुलाई र यहाका सरकारी कार्यालयहरुमा संचारको सुविधा उपलव्ध गराउन निम्न नीति तथा कार्यक्रम अवलम्वन गरेकोछ ।

- लची डाँडामा रहेको टेलीकम टावरको लागि चाहिने विद्युत ग्रामीण विद्युतिकरण आयोजनासँग समन्वय गरी यही आर्थिक वर्षमा केन्द्रिय लाईन जडान गरिनेछ ।
- वडा नं. २ च्याम्ताङको सिम्पोक्पा डाँडामा निर्माण भएको नेपाल टेलीकमको रिपीटर टावरमा विद्युत जडान गरी किमाथांका र च्याम्तासंचालनमा ल्याउनेछ ।
- भाटभटेनी मांसिमामा रहेको टावरबाट लचिडाँडामा रहेको टावरसँग लिंक कनेक्सन भएको र मौषमी तथा वमौषमी हुरीवतास र चट्याङले बेला बेला सञ्चार क्षेत्रमा अवरुद्ध हुने कार्यलाई न्यूनीकरण गर्न र वैकल्पीक उपायबाट सञ्चारलाई व्यवथित गर्न भोटखोला गाँउपालिकाको अनुरोधमा नेपाल टेलीकमले वडा नं. ५ को तालखर्कमा नुमको भुसुने डाँडामा रहेको टेलीकम टावरबाट लिंक कनेक्सन गर्ने गरी नयाँ टावरको प्राविधिक सर्भे भईसकेको र निर्माणको लागी प्रकृया अगाडी वढाउनको लागी सहजीकरण गरिरहेको छ ।
- भोटखोला गाँउपालिका भित्रको पालिका मातहतका सरकारी कार्यालयमा विद्युतीकरण जडान, वाइरीङ तथा सञ्चारको व्यवस्था गरिनेछ ।

**सडक तथा कृषि सडक विकास**

भोटखोला गाँउपालिकालाई सडक र कृषि सडकको विस्तार र स्तरउन्नती गर्न निम्न नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ ।

- यही आर्थिक वर्षमा किमाथांका नाका सम्म ट्याक ओपन कार्यलाई पुर्णता दिनको लागी उत्तरदक्षिण सडक आयोजनासँग समन्वय गरी नेपाली सेनाको कार्यलाई दुर्तगतिमा विस्तार गर्न सहजीकरण गर्ने ।
- अप्पर अरुण हाइड्रोको छोङकाङ देखि चेपुवा फेदी सम्मको सुरुङ मार्ग सहितको पक्कीबाटोलाई समय सिमा भित्र सम्पन्न गर्न गाँउपालिकाले निरन्तर रुपमा ठेकेदार कम्पनी र आयोजनासँग समन्वय र सहजीकरण गरिनेछ ।
- पाँचौ जिल्ला सभा मार्फत हुङगुङ गाँउ देखी किमाथांका वैकल्पीक सडकलाई प्रादेशिक सडक मार्गको रुपमा सिफारिस गरिएको र बजेट व्यवस्थापनको लागी पहल गरिनेछ ।
- गाँउपालिकाको सडक मार्गको रुपमा गोला देखि लिंगम माखिमगाँउ सडकमार्ग, कपासेदेखी तुङखालिङ सडकमार्ग र चेपुवागाँउ प्रवेश सडकमार्गलाई घोषणा गरी स्तरउन्नतीको लागी सडकवोर्ड नेपालसँग समन्वय गरी साझेदारी रुपमा सम्पन्न गर्ने नीति लिएकोछ ।

**वन तथा वातावरण, जडिवुटी खेती विस्तार र पर्यापर्यटन प्रर्वद्धन**

भोटखोला गाँउपालिका वन तथा वातारण र जैविक विविधताको दृष्ट्रिकोणले अत्यन्तै धनी गाँउपालिका हो । हामीले यहाँको प्राकृतिक श्रोत साधनलाई सही ढंगले परिचालन र प्रचार प्रसार गर्न सकेमा आन्तरिक श्रोतको बृद्धि हुने र पर्यापयर्टनको प्रर्वद्धनमा टेवा पुग्ने देखिन्छ ।

- ९ वटा मध्यवर्ती सामुदायिक वन र ९ वटा सामुदायिक वन उपभोक्ता समुहको संस्थागत विकास र क्षमता अभिवृद्धी र वन कार्ययोजना पुनःलेखन तथा तयारी र स्वीकृतिको लागी आवश्यक वजेट सहित सहजीकरण र अन्तरक्रीया कार्यक्रम गरिनेछ ।
- जैविक विविधता दिवश, विश्व वातारण दिवश, बन्यजन्तु दिवश, सिमसार दिवश, पानी दिवश जस्ता महत्वपुर्ण दिवशहरु मनाई प्रचार प्रसार गरिनेछ ।
- मकालु बरुण राष्ट्रिय निकुञ्जसँग समन्वय गरी वन्य जन्तु र मानव वीचको द्वण्दलाई न्यूनीकरण गर्ने उपायहरु र क्षतिपूर्ति व्यवस्थालाई सहज वनाउने कार्यलाई छिटोछरितो गराउन पहल गरिनेछ ।
- भोटखोला गाँउपालिकाको महत्वपुर्ण जैविक विविधता तथा वातावरण सम्पदा भएको प्राकृतिक श्रोतलाई फोटो ग्राफी मार्फत प्रचार प्रसार गरी गाँउपालिकाको विभिन्न स्थानमा होडिङबोर्ड राखिनेछ ।
- जडिवुटी खेती व्यवसायिक रुपमा विस्तार गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
- भोटखोला गाँउपालिकाको जनताहरुले विभिन्न जडिबुटीहरु व्यक्तिगत जीविकोपार्जन गर्नको लागि बजारमा लैजाने क्रममा नीतिगत हुने समस्यालाई डिभिजन वन कार्यालय र मकालु बरुण राष्ट्रिय निकुञ्ज कार्यालय सँग छलफल गरी सहज वनाउनेछ ।
- भोटखोला गाँउपालिकामा रहेको महत्वपुर्ण पर्यटकीय स्थल, सम्पदाहरुको अभिलेखीकरण गर्ने ।
- ग्रेट हिमालयन ट्रेल, यति ट्रेल, पोप्टी भन्ज्याङ्ग, लुङ्गवसाम्व थुदाम, बरुणधाम, हटिया तातोपानी जस्ता महत्वपुर्ण क्षेत्रहरुको प्रचार प्रसार गरी आन्तरिक पर्यटक प्रर्वद्धन गरिनेछ ।
- बरुणधामको भौतिक पूर्वधार निर्माणको लागी कोशी प्रदेश सरकारको आर्थिक साझेदारीमा यही आर्थिक वर्षमा निर्माणको कार्य थलानी गरिनेछ ।
- सामुदायिक होम स्टे गठन र कुक तालिमको लागी बजेटको व्यवस्था गरिनेछ ।

**उर्जा तथा लघुजलविद्युत विकास र स्तरिकरण**

भोटखोला गाँउपालिका आफ्नै प्रयासमा प्रायः सवै गाँउमा आफ्नै खोलाबाट लघुजलविद्युत उत्पादन गरी घरमा आवश्यक उज्यालो वत्ति बाली रहेको छ । यस लघुजलविचुत केन्द्रलाई स्तरीकरण, संरक्षर र केन्द्रिय लाईन जडानको लागि निम्न नीति तथा कार्यक्रम अवलम्वन गरिएको छ ।

- गाँउपालिकाको लघुजलविद्युत व्यवस्थित गर्नको लागी स्थानीय उर्जा तथा लघुजलविद्युतको स्तरउन्नती, संरक्षण गर्न प्राथमिकीकरणको आधारमा बजेटको व्यवस्था गरिनेछ ।
- केन्द्रिय लाइन जडानको लागि ग्रामीण विद्युतिकरण आयोजनाले काम गरिरहेको र प्राथमिकताको आधारमा गोला, सिप्रुङ, नामासे, लचि डाडाँ हुदै रुकुमा गाँउ लैजाने र लचि डाँडाबाट टेलीकम टावरमा गाँउपालिकाको लगानीमा विद्युत जडान गरिनेछ ।

- ग्रामीण विद्युतीकरण आयोजना मार्फत आगामी २ वर्ष भित्र वडा नं. २ को च्याम्ताङ गाँउसम्म केन्द्रिय लाईन विस्तार गर्ने काम सम्पन्न गरिनेछ ।
-

**भाषा, सांस्कृतिक र कला**

भोटखोला गाँउपालिका विविध जातजातीहरुको बसोवास गरेको थाकथलो हो । सांस्कृतिक विविधता भएको जातजातीहरुको सामाजिक, सांस्कृतिक, भाषा, कला संरक्षण र प्रवर्द्धन गर्न स्थानीय सरकारको दायित्व भित्र पर्दछ । त्यसैले भोटखोला गाँउपालिकाले भाष, सांस्कृतिक र कला संरक्षण र प्रवर्द्धनको लागी निम्न नीति तथा कार्यक्रम अवलम्वन गरेको छ ।

- गाँउपालिका भरी विभिन्न जातजातीहरुको सामाजिक सम्पदा (गुम्वा, मठमन्दिर, देवीथान, धार्मीक तिर्थस्थल, चर्च) हरुको अध्ययन र अभिलेखिकरण गरी दस्तावेजीकरण कार्यलाई अन्तिम रुप दिई प्रकाशन गरिनेछ ।
- गाँउपालिकाको महत्वपुर्ण स्थान, भाषा, संस्कृति र रितिरिवाज र विकासको गतिविधिहरुलाई भावीपुस्ताको नीम्ति भिडिओ डकुमेन्ट्री मार्फत सुरक्षित गरिनेछ ।

**स्वास्थ्य**

भोटखोला गाउपालिकाको जनताहरुलाई आधारभूत स्वास्थ्य सेवा सुविधा उपलव्ध गराउन निम्न नीति तथा कार्यक्रम अवलम्वन गरिएको छ ।

- सवै स्वास्थ्य संस्थाहरुको कर्मचारीबाट मासिक १ दिन नसर्ने रोगको सचेतना र व्लक प्रेसर विरामीको स्क्रीनिङ अभियान संचालन गरिनेछ ।
- विशेष गरेर मुटु रोग र बाल रोगबाट ग्रसित भई मेजर अप्रेसन गर्नु पर्ने प्रकृतिका रोगीहरुको पहिचान गरी निशुल्क उपचारको लागी मनोमोहन कार्डियोलिजिष्ट भास्कुलर सेन्टर र शिक्षण अस्पताल काठमाण्डौ सँग सहकार्य गर्ने र सो सहकार्य, बैठक र अन्तरक्रीय छलफलको लागी बजेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिम, गोष्ठी संचालन गरिनेछ ।
- मातृशिशु प्रजनन अनिवार्य स्वास्थ्य संस्थामा गर्नु पर्छ भन्ने सन्देश र अभियान संचालन गरिनेछ ।
- वडा नं. ५ स्थित तुङखालिङ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा वर्थिङ सेन्टरलाई थप व्यवस्थित गर्न कोशी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयको आर्थिक सहयोगमा २ कोठे भवन निर्माण गरिनेछ ।
- आठवटा दिर्घरोगीहरुलाई असाह नागरिक कोषमा बजेट विनियोजन गरी न्युनत्तम रुपमा आर्थिक सहयोग प्रदान गरिने व्यवस्था गरिनेछ ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक, सामाजिक संघ संस्था**

- भोटे समुदायले लाउने स्यमुड, कित्तेन पाङदेन सिलाई वुनाईलाई व्यवसायिक वनाउन यस पेशामा लागेका महिलाहरुलाई थप तालिमको व्यवस्था गरिनेछ ।

- लैंगिक समानता तथा सामाजिक समावेशिकरण प्रवर्द्धन गर्न महिला, बालबालिका, दलित, फरक क्षमता भएका व्यक्तिहरु, आदिवासी जनजाती, युवा, जेष्ठ नागरीक तथा क्षमता विकासका कार्यक्रमहरु सरोकारवाला निकाय संगको साझेदारी र सहकार्यमा सञ्चालन गरिनेछ ।
- विश्व बैंकको आर्थिक सहयोगमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट संचालन गरिएको प्रतिकार्यको लागी एकीकृत सेवा पहुँच परियोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- भोटखोला गाँउपालिकामा कार्यरत विभिन्न सामाजिक गैह्रसरकारी संघसंस्थाहरुले गाँउपालिकामा अनिवार्य आवद्ध भएर मात्र आफ्नो कार्यक्रम संचालन ग्रर्न पाउने व्यवस्था गरिनेछ ।

**अपाङ्गता रोगथाम तथा पुनस्थापना**

- कोशी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयसँगको सहकार्यमा अपाङ्ग रोगथाम तथा पुनस्थापना कार्यक्रमलाई निरन्तता दिइनेछ ।
- अपाङ्गता रोगथाम र मिलिजुली सञ्जाललाई सचेतिकरण र अपाङ्गता उपकरण वितरण गरिनेछ भने भावी सन्तती अपाङ्गता हुनबाट जोगाउन स्वास्थ्य शाखासँग समन्वय गरेर औषधीको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको समुह मिलिजुली समुहलाई आधिकारीक रुपमा दर्ता गरी विभिन्न सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- नयाँ पहिचान भएका अपाङ्गता व्यक्तिहरुलाई आवश्यकताको आधारमा सहयोगी सामग्री वितरण गरिनेछ ।
- अपाङ्गता भएको व्यक्तिहरुको उपचारमा सहयोगको व्यवस्था गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

भोटखोला गाँउपालिकाको सवै वडामा रहेका जनताहरुले सुरक्षित खानेपानी पिउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न १ घर १ धाराको अवधारणालाई पुर्णरुपमा कार्यान्वयन गरिनेछ । १ घर १ धारा नभएको वडाको टोलमा प्रदेश सरकार, संघीय सरकार र विभिन्न सामाजिक संघसंस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा वडा नं. २, वडा नं. ४ र वडा नं. ५ सर्भे तथा निर्माणको काम थालनी गर्नेछ ।

सहना लामा
उपअध्यक्ष

आमभोटखोला

सभाअध्यक्ष महोदय

सभासदस्य ज्युहरु

आ.व. २०८०/२०८१ को असाढ ८ गते सम्मको आय र व्यय

| सि.नं. | विनियोजन बजेट | विनियोजन खर्च | खर्च प्रतिशत | भुक्तानी दिन बाँकी |
|---|---|---|---|---|
| १ | ३०४४५४६६६।५४ | १७४०६०४०४। | ५७१७ | १३०३९४२६२।५४ |

**आ.व. २०८१/२०८२ को प्रस्तावित बजेट तथा कार्यक्रम**

**क. अनुमानित प्राप्त प्रस्तावित बजेट**

१. समानीकरण बजेट: संघीय सरकारबाट प्राप्त प्रस्तावित बजेट रु.६९२००,०००।

२. प्रदेश सरकारबाट प्राप्त प्रस्तावित बजेट रु. ३८९७,०००।

**जम्मा समानीकरण बजेट रु. ७३०९७,०००।**

१. राजश्व बाँडफाँड: संघीय सरकारबाट प्राप्त प्रस्तावित बजेट रु. ७१५००,०००।

२. राजश्व बाँडफाँड: प्रदेश सरकारबाट प्राप्त प्रस्तावित बजेट रु.७२,५४,०००।

**जम्मा राजश्व बाँडफाँट बजेट: ७,८७,५४,०००।००**

१. शसर्त बजेट: संघीय सरकारबाट प्राप्त प्रस्तावित बजेट रु. ११,६७,५८,०००।

२ शसर्त बजेट प्रदेश सरकारबाट प्राप्त प्रस्तावित बजेट रु.९०,५३,०००।

**जम्मा शसर्त बजेट रु. १२,५८,११,०००।००**

१. समपुरक अनुदान बजेट: संघीय सरकारबाट प्राप्त प्रस्तावित बजेट रु. ६००००००।

२ समुपुरक बजेट प्रदेश सरकारबाट प्राप्त प्रस्तावित बजेट रु.६४५०,०००।

**जम्मा समपुरक बजेट रु. १,२४,५०,०००।**

१. अनुमानित संचित कोषमा जम्मा हुने बजेट: रु.२,६३,६५,१५६।

२. प्रस्तावित आन्तरिक आम्दानी बजेट: रु. १५,००,०००।

**जम्मा रु. २,७८,६५,१५६।**

**ख. प्रस्तावित आयोजना/योजना र कार्यक्रमहरुको प्रस्तावित खर्च विवरण:**

१. वडा स्तरिय योजना तथा विविध कार्यक्रम: रु.२,५५,००,०००।००

२. पालिका स्तरिय योजना तथा विविध कार्यक्रम खर्च: रु ५,४८,६०,०००।००

३. चाल तथा पुँजीगत कार्यक्रम तथा संचालन खर्च रु. ७,९१,३७,१४३।००

४. शसर्त बजेट कार्यक्रम संचालान निर्देशिका अनुसार खर्च: रु. १२,५८,११,०००।००

५. समपुरक बजेट कार्यक्रम संचालन खर्च रु. १,२४,५०,०००।००

६. शाखागत बजेट कार्यक्रम संचालन खर्च रु १,९१,०२,१५६।००

| | | |
|---|---|---|
| पूँजीगत कुल कार्यक्रम बजेट खर्च रु. | २३७,७२३,१४७।०० | |
| चालुगत कार्यक्रम बजेट खर्च रु. | ~~७९१३७१४३।००~~ | 80254009 |
| जम्मा रु. | ~~३१६,८६०,२९०।००~~ | 396388926 |



वाडछेदर लामा
गाउँ अध्यक्ष

सहना लामा
उपाध्यक्ष

सभाध्यक्ष महोदय,

माननिय सदस्य ज्यूहरु,

यसरी आ.व.२०८१/२०८२को नीति तथा कार्यक्रम र बजेट बनाउन सहयोग पुऱ्याउनु हुने गाउँ कार्यपालिका, वडासमितीका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिती, स्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समिती, बजेट तथा कार्यक्रम तर्जुमा समिती लगायत सम्पूर्ण विषयगत समितीका पदाधिकारी ज्यूहरु, टोल स्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सक्रिय जनसामुदाय, बजेट निर्माण प्रकृयमा अहोरात्र खटिरहनु भएका कर्मचारी ज्यूहरु लगायत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहभागी हुनहुने एवम अमुल्य सहयोग, सदभाव सल्लाह दिनुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस भोटखोला गाउँपालिकाको योजना आयोजना तथा कार्यक्रम निर्माण गर्ने क्रममा यहाँहरुबाट जसरी सहयोग प्राप्त भयो सोही बमोजीम कार्यन्वयनको पक्षमा समेत अमुल्य सहयोगको अपेक्षा राख्दछु । यो प्रयास मेरो एकलो प्रयास नभई समग्र भोटखोलाको प्रयास भएको व्यहोरा अनुरोध गर्दछु ।

वाङछेदर लामा
गा.पा. अध्यक्ष

सहना लामा
उपाध्यक्ष